त्यसपछि मा० श्री रामजीप्रसाद शर्माले प्रचण्ड थैवको हत्यारा पत्ता लगाई निजलाई हिरासतमा नलिएसम्म आफ्नो पार्टीले सदनको कारवाही वहिष्कार गर्ने जानकारी गराउनु हुँदै ने.क.पा. एमालेका उपस्थित सम्पूर्ण मा० सदस्यहरु सदनबाट बाहिर निस्कनुभयो ।

तदुपरान्त मा० श्री शोभाकर पराजुलीले सम्माननीय प्रधानमन्त्रीबाट व्यक्त गरिएका प्रतिवद्धताहरु कार्यान्वयन नभएसम्म र सरकारवाट चित्त बुझ्दो जवाफ नआए सम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुहुँदै नेपाली काँग्रेसका उपस्थित सम्पूर्ण मा० सदस्यहरु सदनबाट बाहिर निस्कनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीमा निर्धारण गरिएका क्रमसंख्या १ देखि ५ सम्मका कार्यक्रमहरु सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६५ साल चैत्र २९ गते शनिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

२०६५ साल चैत्र २९ गते

शनिवार

आज मिति २०६५ साल चैत्र २९ गते शनिवार दिनको ३:०० बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६५ चैत्र ३१ गते सोमवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा0 सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

## २०६५ साल चैत्र ३१ गते

## सोमवार

आज मिति २०६५ साल चैत्र ३१ गते सोमवार दिनको ३:०० बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६६ वैशाख २ गते बुधवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा0 सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई<br>
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख २ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा अपरान्ह ५:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर समय माग गर्नुहुँदै निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुँदै संयुक्त सरकारलाई संयुक्त सरकारको मान्यता अनुसार चलाउनु पर्दछ भन्ने सम्बन्धमा, संविधान निर्माण गर्न राजनैतिक सहमति कायम गर्नु पर्दछ भन्ने सम्बन्धमा, बुटवलमा प्रचण्ड थैवको हत्या गर्ने हत्यारालाई कारवाही गर्नुपर्ने सम्बन्धमा र सम्माननीय प्रधानमन्त्रीले सदन समक्ष उपस्थित भई मुलुकमा घटेका केही घटना र सरकारले विभिन्न पक्षसँग गरेका प्रतिवद्धताहरु कार्यान्वयन गर्ने विषयमा वक्तव्य दिन लाग्नु भएकोमा सकारात्मक उत्तरको अपेक्षा गरिएको लगायत विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो ।

१. मा० श्री लक्ष्मणप्रसाद घिमिरे
२. मा० श्री शंकर पोखरेल
३. मा० श्री हृदयेश त्रिपाठी
४. मा० श्री प्रकाशचन्द्र लोहनी

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नजवर्ष २०६६ को शुभअवसरमा सम्माननीय सभामुख, मा० सभासदहरु तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्नुहुँदै नेपालको शान्ति प्रक्रिया प्रति अन्तर्राष्ट्रिय सद्भाव र समझदारी अभिवृद्धि गर्न र आर्थिक एवं सामाजिक रुपान्तरणमा अन्तर्राष्ट्रिय सहयोग जुटाउने उद्देश्यले मित्रराष्ट्र नर्वे तथा फिनल्याण्डको औपचारिक भ्रमण गरी फर्केको सम्बन्धमा जानकारी गराउनु भयो । साथै मुलुकमा हालसालै घटेका घटना तथा विगतमा सरकार र विभिन्न राजनीतिक दलहरुबीच भएको समझदारीका सम्बन्धमा विभिन्न राजनैतिक पार्टीका मा० सभासदहरुबाट सम्मानीत व्यवस्थापिका-संसद समक्ष राख्नु भएको जिज्ञासा उपर सरकारको धारणा स्पष्ट पार्नुहुँदै शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन तथा संविधान निर्माणको कार्य तोकिएको समयमा पूरा गर्न सबै राजनीतिक दल, नागरिक समाज एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइलाई एकजुट हुन आह्वान गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति डा० रामवरण यादवले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नर्वे र फिनल्याण्डको औपचारिक भ्रमणको सिलसिलामा सम्वत् २०६५ साल चैत्र १५ गते शनिवार त्यसतर्फ प्रस्थान गर्नु भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री एवं गृहमन्त्री श्री वामदेव गौतमले सम्हाल्ने गरी तोक्नु भएकोले अवगतार्थ अनुरोध छ ।
>
> (डा० रामहरि अर्याल)
>
> मिति :- २०६५/१२/१६ सचिव

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ बमोजिम सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' ले मौजुदा मन्त्रिपरिषद्मा आज संवत् २०६५ चैत्र १२ गते रोज ४ का दिन देहायका महानुभावहरुलाई मन्त्रीमा नियुक्ति गरी देहायबमोजिम कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री महेन्द्र पासवान | मन्त्री | भूमिसुधार तथा व्यवस्था । |
| २. | श्री रामचरण चौधरी (थारु) | मन्त्री | महिला, वालवालिका तथा समाजकल्याण । |

(डा० भोजराज घिमिरे)
मुख्य सचिव

मिति :- २०६५/१२/१२

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री वामदेव गौतमले “मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०६५” पेश गर्नुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङले “सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६५” पेश गर्नुभयो ।

त्यसपछि मा० शान्ति तथा पुनर्निमाण मन्त्री श्री जनार्दन शर्माले “व्यक्ति वेपत्ता पार्ने (कसूर र सजाय) अध्यादेश, २०६५” पेश गर्नुभयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख ३ गते विहिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख ३ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शुन्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री रामचन्द्र प्यासी कुसवाह
२. मा० श्री रामजीप्रसाद शर्मा
३. मा० श्री रामबहादुर बोहोरा
४. मा० श्री रामेश्वरप्रसाद रौनियार
५. मा० श्री रेनु चन्द (भट्ट)
६. मा० श्री रोशन गाहा थापा
७. मा० श्री ललिता किङरीङ मगर
८. मा० श्री लक्ष्मणलाल कर्ण
९. मा० श्री लक्ष्मी परियार
१०. मा० श्री लालमणी चौधरी
११. मा० श्री लीला न्याईच्याँई
१२. मा० श्री लोकेन्द्र विष्ट मगर
१३. मा० श्री विजयकुमार पौडेल
१४. मा० श्री विषमलाल अधिकारी
१५. मा० श्री वीरमान चौधरी
१६. मा० श्री वृजेशकुमार गुप्त
१७. मा० श्री शम्भु हजरा दुसाध
१८. मा० श्री शान्ता चौधरी

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री झक्कुप्रसाद सुवेदी
२. मा० श्री दीपकुमार उपाध्याय (लामिछाने)
३. मा० श्री मुहमद रिजवान
४. मा० श्री मृगेन्द्रकुमार सिंह यादव
५. मा० श्री जितेन्द्रप्रसाद सोनार
६. मा० श्री लक्ष्मणलाल कर्ण
७. मा० श्री जनककुमारी चालिसे
८. मा० श्री अलाउदीन अन्सारी
९. मा० श्री चन्द्रदेव जोशी
१०. मा० श्री नवराज कोइराला
११. मा० श्री सन्तबहादुर नेपाली
१२. मा० श्री परि थापा
१३. मा० श्री बुद्धरत्न मानन्धर
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री कल्पना धमला
१६. मा० श्री पुष्पा भुसाल
१७. मा० श्री शेरबहादुर कुंवर
१८. मा० श्री प्रल्हाद लामिछाने
१९. मा० श्री हरिनारायण यादव
२०. मा० श्री सदरुल मिया हक
२१. मा० श्री जगदिश्वर नरसिंह के.सी.
२२. मा० श्री सपना प्रधान मल्ल
२३. मा० श्री शरदसिंह भण्डारी (अछाम)
२४. मा० श्री गुणाखर वस्याल

तत्पश्चात विधायन समितिका मा० सभापति श्री यशोदा गुरुङ्ग (सुवेदी) ले "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" र "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" सम्बन्धी समितिको प्रतिवेदन सहितको विधेयकहरु पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले "लगानी वोर्ड विधेयक, २०६५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले "लगानी वोर्ड विधेयक, २०६५" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० जलस्रोत मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले “नेपाल विद्युत नियमन आयोग विधेयक, २०६५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० जलस्रोत मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले “नेपाल विद्युत नियमन आयोग विधेयक, २०६५” प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० जलस्रोत मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले “विद्युत विधेयक, २०६५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० जलस्रोत मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले “विद्युत विधेयक, २०६५” प्रस्तुत गर्नुभयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख ६ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख ६ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर निम्नलिखित मा० सदस्यहरुले विविध विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गगन थापा
२. मा० श्री पुष्पा भुसाल
३. मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा)
४. मा० श्री सत्य पहाडि

तत्पश्चात प्रारम्भ भएको शुन्य समयमा निम्नलिखित मा० सदस्यहरुले विभिन्न समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अभिषेकप्रताप शाह
२. मा० श्री अम्बिका बस्नेत
३. मा० श्री अमृतलाल राजवंशी
४. मा० श्री अरविन्द साह
५. मा० श्री अशोककुमार रोकायाक्षेत्री
६. मा० श्री आङदावा शेर्पा
७. मा० श्री आत्मारामप्रसाद साह
८. मा० श्री इन्द्रजीत थारु
९. मा० श्री इन्द्रमायाँ गुरुङ्ग
१०. मा० श्री इश्वरी न्यौपाने
११. मा० श्री ईश्वर दयाल मिश्र
१२. मा० श्री उमा गोठे (कपाली)
१३. मा० श्री उषाकला राई
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री एकराज भण्डारी
१६. मा० श्री ओनसरी घर्ति मगर
१७. मा० श्री ओमप्रकाश यादव (रुपन्देही - ६)
१८. मा० श्री कमला रोक्का
१९. मा० श्री कमला शर्मा
२०. मा० श्री करिमा वेगम
२१. मा० श्री कल्पनादेवी सुवेदी
२२. मा० श्री कल्पना धमला
२३. मा० श्री कल्पना राणा
२४. मा० श्री कल्पना सोव
२५. मा० श्री कल्याणी रिजाल
२६. मा० श्री कविता कुमारी सरदार
२७. मा० श्री कालीबहादुर मल्ल
२८. मा० श्री काशीदेवी झा
२९. मा० श्री कुन्ती कुमारी शाही
३०. मा० श्री कुबेर बहादुर वली
३१. मा० श्री केशवप्रसाद मैनाली
३२. मा० श्री कृष्णकुमारी परियार
३३. मा० श्री खिमलाल देवकोटा
३४. मा० श्री खुमा सुवेदी
३५. मा० श्री खुसिराम पाखीन
३६. मा० श्री खेमबहादुर बम
३७. मा० श्री गगन थापा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री शालिकराम जम्मकटेल
२. मा० श्री उमा अधिकारी रेग्मी
३. मा० श्री भीमबहादुर रावल
४. मा० श्री राजलाल यादव
५. मा० श्री महेन्द्रप्रसाद यादव
६. मा० श्री अनिलकुमार झा
७. मा० श्री निलम के.सी. खड्का
८. मा० श्री दालकुमारी सुनुवार
९. मा० श्री राधववीर जोशी
१०. मा० श्री जग्यबहादुर शाही
११. मा० श्री ववीना मोक्तान लावती
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० श्री रुकमिणी चौधरी
१४. मा० श्री राधादेवी तिमल्सेना
१५. मा० श्री प्रेमबहादुर सिंह
१६. मा० श्री लक्ष्मीलाल चौधरी
१७. मा० श्री भक्तबहादुर शाह
१८. मा० श्री सीताकुमार पौडेल

| | | | |
|---|---|---|---|
| १९. | मा० श्री शत्रुधन प्रसाद सिंह कोइरी | २०. | मा० श्री निरकुमारी कुंवर |
| २१. | मा० श्री गणेशबहादुर खड्का | २२. | मा० श्री दुर्गा परियार |
| २३. | मा० श्री सवितादेवी यादव | २४. | मा० श्री सोनाम छेजुङ्ग लामा |

त्यसपछि प्रतिवद्धता कार्यान्वयन अनुगमन विशेष समितिका संयोजक मा० श्री बालकृष्ण खाँणले समितिको संक्षिप्त प्रतिवेदन पेश गर्नुभयो ।

तदुपरान्त अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिका मा० सदस्य श्री सावित्रीकुमार काफ्लेले इलाम जिल्लाको श्रीअन्तू लगायत नेपालको पूर्वी सीमानाको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०६५ पेश गर्नुभयो ।

तत्पश्चात मा० श्री पोष्टबहादुर बोगटीले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११६ को उपनियम (१) बमोजिम गठित प्रतिवद्धता कार्यान्वयन संसदीय अनुगमन विशेष समितिको कार्यावधि ३ महिनाको लागि थप गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० श्री लक्ष्मणप्रसाद घिमिरे र मा० श्री थममाया थापामगरले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त "प्रतिवद्धता कार्यान्वयन अनुगमन विशेष समितिको कार्यावधि थप गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी विधेयक, २०६५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री श्री देवप्रसाद गुरुङ्गले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी विधेयक, २०६५" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० भौतिक योजना तथा निर्माण मन्त्री श्री विजयकुमार गच्छदारले "घर जग्गाको व्यवसायिक कारोवार सम्बन्धी विधेयक, २०६५" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० भौतिक योजना तथा निर्माण मन्त्री श्री विजयकुमार गच्छदारले "घर जग्गाको व्यवसायिक कारोवार सम्बन्धी विधेयक, २०६५" प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० भौतिक योजना तथा निर्माण मन्त्री श्री विजयकुमार गच्छदारले "काठमाडौं उपत्यका शहरी विकास विधेयक, २०६५" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० भौतिक योजना तथा निर्माण मन्त्री श्री विजयकुमार गच्छदारले "काठमाडौं उपत्यका शहरी विकास विधेयक, २०६५" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या ६ अन्तर्गतको कार्यक्रम आजको सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० उद्योग मन्त्री श्री अष्टलक्ष्मी शाक्यले "विशेष आर्थिक क्षेत्र विधेयक, २०६५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्ताव माथि संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० उद्योग मन्त्री श्री अष्टलक्ष्मी शाक्यले "विशेष आर्थिक क्षेत्र विधेयक, २०६५" प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० महिला, बालबालिका तथा समाज कल्याण मन्त्री श्री रामचरण चौधरी (थारु)ले "विधायन समितिको प्रतिवेदन सहितको घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त विधायन समितिको प्रतिवेदन सहितको "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरु "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" को दफा २ देखि १७ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा समाज कल्याण मन्त्री श्री रामचरण चौधरी (थारु)ले "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री गिरिराजमणि पोखरेलले "विधायन समितिको प्रतिवेदन सहितको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त विधायन समितिको प्रतिवेदन सहितको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुसांगिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ८ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधायन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ८ सम्म उल्लेखित संशोधनहरु "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" को दफा २ देखि २२ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री गिरिराजमणि पोखरेलले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख ७ गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख ७ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर मा० श्री रामचन्द्र पौडेलले ने.क.पा. माओवादीले शान्ति प्रक्रिया धरापमा पारेको, दिनानुदिन सहमतिको राजनीति तोडेको, नेपाली सेना, प्रशासन र अदालतको तेजोवध गरेको लगायत विषयहरु उठाउनु हुँदै नेपाली काँग्रेस आजको सदनको कारवाही वहिष्कार गर्दछ भन्नुभयो । तत्पश्चात नेपाली काँग्रेसका उपस्थित सम्पूर्ण मा० सदस्यहरु बैठक कक्षबाट वाहिर निस्कनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या १ देखि ६ अन्तर्गतको सम्पूर्ण कार्यक्रमहरु आजको सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख ८ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद
पाँचौं अधिवेशन
## बैठक संख्या - ९
## सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख ८ गते मंगलवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर निम्नलिखित मा० सदस्यहरुले नेपाली सेनाका प्रधान सेनापतिलाई सरकारले स्पष्टीकरण मागेको सम्बन्धमा, अदालतमा विचाराधिन रहेको विषयमा सरकारले स्पष्टीकरण सोध्न नमिल्ने सम्बन्धमा, संविधानसभाका मा० सदस्य श्री विश्वनाथ अग्रवाललाई सिंहदरबार परिसर भित्र हातपात गरी घाइते बनाएको घटनाले सिंहदरवार परिसर जस्तो संवेदनशील ठाउँमा पनि सुरक्षाको प्रत्याभूति नभएको सम्बन्धमा, अमेरिकी राजदुतावासको गाडीले हानेर नेपाली नागरिकलाई घाइते तुल्याई स्वास्थ्य उपचारको खर्च समेत नव्यहोरी दुतावासले नेपालको कानुनको अवहेलना गरेको सम्बन्धमा, व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षी दलले सरकार भन्दा माथि नेपाली सेनालाई राख्न खोजी नागरिक सर्वोच्चताको अवहेलना गरेको जस्ता विविध विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री प्रदिपकुमार ज्ञवाली
२. मा० श्री लोकेन्द्रबहादुर चन्द
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री यदुवंश झा
५. मा० श्री हृदयेश त्रिपाठी
६. मा० श्री लीला न्याईच्याईं
७. मा० श्री सरिता गिरी
८. मा० श्री मिना पुन
९. मा० श्री रामनारायण सिंह
१०. मा० श्री चन्द्रप्रसाद गजुरेल
११. मा० श्री शरतसिंह भण्डारी (महोत्तरी)

त्यसपछि मा० श्री शेरबहादुर देउवाले एकिकृत ने.क.पा. माओवादीले सहमतिको राजनीति तोडेको, लोकतन्त्र स्थापना गर्नको लागि महत्वपूर्ण योगदान गर्ने नेपाली सेनाको मनोवल गिराउने काम गरेको, कार्यक्षेत्रमा हस्तक्षेप गरेको, प्रशासन र अदालतको तेजोवध गरेको लगायत विषयहरु उठाउनु हुँदै उक्त मनोमानी पूर्ण र अराजक गतिविधि बन्द नगरेसम्म नेपाली काँग्रेस पार्टी सदनको कारवाही अगाडि बढाउन सक्तैन भन्नुभएपछि नेपाली काँग्रेस लगायत प्रतिपक्षमा उपस्थित राष्ट्रिय जनमोर्चा बाहेक सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

यसैबीच एकीकृत ने.क.पा. माओवादीका मा० सदस्यहरु सदन चल्न दिनुपर्छ भन्दै आ-आफ्नो स्थानबाट नारा लगाउन थाल्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख १० गते विहिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १०

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख १० गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुँदै नेपाली सेनाका प्रधान सेनापतिलाई सरकारले माग गरेको स्पष्टीकरण लगायतका कारवाही तत्काल स्थगित गर्नुपर्ने सम्बन्धमा, प्रधान सेनापतिलाई स्पष्टिकरण माग गर्ने विषय सरकारको अधिकार क्षेत्र भित्रै पर्ने सम्बन्धमा, त्रि.वि.वि. जस्तो विश्वमै प्रतिष्ठित एवं देशको प्रधानमन्त्री स्वयं कुलपति भएको संस्थाका उपकुलपति एवं रेक्टरलाई दुर्व्यवहार गर्नु सरकारकै प्रतिष्ठामा आघात पुग्नु हो भन्ने सम्बन्धमा, व्यवस्थापिका-संसदको बैठक चल्न नसक्दा संविधान निर्माण प्रकृयामा पनि अवरोध हुन गएको छ भन्ने सम्बन्धमा, शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने र संविधान निर्माण गर्नेतर्फ सरकार उदासिन रहेको भन्ने जस्ता विविध विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री नारायणकाजी श्रेष्ठ | २. | मा० श्री रविन्द्रप्रसाद अधिकारी |
| ३. | मा० श्री सर्वदेवप्रसाद ओझा | ४. | मा० श्री चन्द्रबहादुर गुरुङ्ग (स्याङजा) |
| ५. | मा० श्री प्रकाशचन्द्र लोहनी | ६. | मा० श्री चन्द्रदेव जोशी |
| ७. | मा० श्री प्रतिभा राणा | ८. | मा० श्री सन्तबहादुर नेपाली |
| ९. | मा० श्री परि थापा | १०. | मा० श्री जितेन्द्रप्रसाद सोनार |

त्यसपछि मा० श्री विमलेन्द्र निधिले रामेछापको जंगलमा लागेको आगो निभाउने क्रममा १४ जना नेपाली सेनाले मृत्यूवरण गर्न पुगेको दु:खद घटनाप्रति समवेदना प्रकट गर्दै एकीकृत ने.क.पा. माओवादीको व्यवहारले गर्दानै व्यवस्थापिका-संसदको बैठक चल्न नसकेको, एकीकृत ने.क.पा. माओवादीले आफ्ना लडाकु सैन्यलाई सर्वोच्चता प्रदान गर्न खोजेको र नेपाली सेनाका प्रधान सेनापतिलाई सरकारले माग गरेको स्पष्टीकरण स्थगित नगरेसम्म र अन्य अराजक गतिविधि बन्द नगरेसम्म नेपाली काँग्रेस पार्टी सदनको कारवाही अगाडि बढाउन सक्तैन भन्नुभएपछि नेपाली काँग्रेस लगायत प्रतिपक्षमा उपस्थित राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी बाहेक सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

यसैबीच मा० श्री खिमलाल देवकोटाले संविधानसभा नियमावली, २०६५ को नियम ३९ बमोजिम नियमापत्ति गर्नुहुँदै सदन चल्ने नचल्ने विषय प्रतिपक्षले निर्धारण गर्ने विषय नभएर सम्माननीय सभामुखको अधिकारको विषय भएको भन्नु भएपछि एकीकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदन चल्न दिनुपर्छ भन्दै आ-आफ्नो स्थानबाट नारा लगाउन थाल्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख १३ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ११

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख १३ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुँदै नेपाली सेनाका प्रधान सेनापतिलाई सरकारले माग गरेको स्पष्टीकरणका सम्बन्धमा अनावश्यक विदेशी चासो बढेको सम्बन्धमा, एकीकृत ने.क.पा. माओवादीको विरोध गरेर समानान्तर सत्ताको खोजी गर्ने प्रयास भैरहेको छ भन्ने सम्बन्धमा, प्रजातन्त्र ल्याउन र गणतन्त्र कार्यान्वयन गर्न समेत सहयोग गर्दै आएको नेपाली सेनालाई पूर्वाग्रही भावनाले हेर्न नहुने भन्ने सम्बन्धमा, जननिर्वाचित सरकारले सेना प्रमुखलाई स्पष्टिकरण माग गर्न सक्ने तर हालको स्पष्टिकरणको विषय उपयुक्त नभएको सम्बन्धमा, एकीकृत ने.क.पा. माओवादीले सेना प्रमुखको स्पष्टिकरण सम्बन्धी विवाद राजनैतिक सहमतिको आधारमा सुल्झाउनु पर्छ भन्ने सम्बन्धमा, नागरिक सर्वोच्चताको व्याख्या पार्टीगत रुपमा नभई सर्वमान्य सिद्धान्तको आधारमा गरिनु पर्ने सम्बन्धमा, त्रि.वि.वि. जस्तो प्रतिष्ठित संस्थाका उपकुलपति एवं रेक्टरलाई दुर्व्यवहार गर्नु खेदपूर्ण रहेको भन्ने सम्बन्धमा, रामेछाप र गुल्मीमा आगलागीमा परी मृत्यु भएका व्यक्तिहरुप्रति समवेदना प्रकट गर्दै मृतकका परिवारलाई उचित राहत उपलब्ध गराइयोस् भन्ने लगायत विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

| | |
|---|---|
| १. मा० श्री दीनानाथ शर्मा | २. मा० श्री शंकर पोखरेल |
| ३. मा० श्री राजकिशोर यादव | ४. मा० श्री रामकुमार शर्मा |
| ५. मा० श्री अनिलकुमार झा | ६. मा० श्री पार्वती महतो (कुमाल) |
| ७. मा० श्री प्रतिभा राणा | ८. मा० श्री सुनिल प्रजापति |
| ९. मा० श्री चन्द्रदेव जोशी | १०. मा० श्री अर्जुन राई |
| ११. मा० श्री सरिता गिरी | १२. मा० श्री गायत्री साह |
| १३. मा० श्री कुन्तीकुमारी शाही | १४. मा० श्री बुद्धरत्न मानन्धर |
| १५. मा० श्री प्रेमबहादुर सिंह | १६. मा० श्री विश्वेन्द्र पासवान |

त्यसपछि मा० श्री रामशरण महतले संविधानसभाका मा० सदस्य ललिता किङरिङ मगर माथि भएको प्रहरी दुर्व्यवहारको निन्दा गर्दै सरकारले सेनापतिको समस्यालाई पेचिलो बनाउँदै लगेको, प्रधान सेनापतिलाई पदबाटै हटाउने मनसायले तीनवटा अनावश्यक विषयमा स्पष्टिकरण माग गरेको लगायत अन्य गलत दुराशययुक्त गतिविधि बन्द नगरेसम्म नेपाली काँग्रेस पार्टी सदनको कारवाही अगाडि बढाउन सक्तैन भन्नुभएपछि नेपाली काँग्रेस लगायत प्रतिपक्षमा उपस्थित रा.प्र.पा., नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल सदभावना पार्टी (आनन्दीदेवी), नेपाली जनता दल, दलित जनजाति पार्टी, समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल, नेपाल लोकतान्त्रिक समाजवादी दल र स्वतन्त्र मा० सदस्यहरु बाहेक सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

यसैबीच एकीकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदन चल्न दिनुपर्छ भन्दै आ-आफ्नो स्थानबाट नारा लगाउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख १४ गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १२

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख १४ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुँदै प्रतिपक्षी दलहरुले पर्दा पछाडिको खेल खेलिरहेका छन् भन्ने सम्बन्धमा, नेपाली सेनाले सरकारको मातहतमा नबसी सरकारको नीति निर्देशन विपरित लागेको छ भन्ने सम्बन्धमा, देशका विभिन्न समुदायसँग गरेका सम्झौताहरु लागू गर्न सरकार उदासिन रहेको सम्बन्धमा, उपकुलपति र रेक्टरमाथि कालो मोसो दलिनु सत्तापक्षको आफ्ना भातृ संगठन र कार्यकर्ताहरुमाथि नियन्त्रण नरहेको पुष्टि हुनु हो भन्ने सम्बन्धमा, तराईमा थरुहटको आन्दोलनले तराई एवं पहाड लगायत उपत्यकाको जनजीवन अत्यन्त प्रभावित भैरहेको सम्बन्धमा, प्रजातन्त्र ल्याउन र गणतन्त्र कार्यान्वियन गर्न समेत सहयोग गर्दै आएको नेपाली सेनालाई पूर्वाग्रही भावनाले हेर्न नहुने भन्ने सम्बन्धमा, नागरिक सर्वोच्चताको व्याख्या अझैपनि जरुरी रहेको सम्बन्धमा, रामेछाप र गुल्मीमा आगलागीमा परी मृत्यु भएका व्यक्तिका परिवारलाई उचित राहत उपलब्ध गराइयोस् भन्ने लगायत विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री शालिकराम जम्कटेल | २. | मा० श्री मुहमद रिजवान |
| ३. | मा० श्री आत्मारामप्रसाद साह | ४. | मा० श्री ईश्वर दयाल मिश्र |
| ५. | मा० श्री तिलकबहादुर थापा मगर | ६. | मा० श्री लिला न्याईच्याईं |
| ७. | मा० श्री सन्तबहादुर नेपाली | ८. | मा० श्री अलाउदीन अन्सारी |

त्यसपछि मा० श्री प्रकाशमान सिंहले प्रधान सेनापतिलाई सोधिएको स्पष्टिकरणको विषयमा एकीकृत ने.क.पा. माओवादी बाहेकका २३ दलले यो प्रक्रिया यही रोकियोस् भन्ने धारणा राख्दा पनि सो गतिविधि बन्द नगरेकोले यो सदनको कारवाही अगाडि बढ्न सक्तैन भन्नुभएपछि नेपाली काँग्रेस लगायत प्रतिपक्षमा उपस्थित ने.क.पा. (माले), नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय जनमुक्ति पार्टी, ने.क.पा. एकीकृत र स्वतन्त्र मा० सदस्यहरु बाहेक सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

यसैबीच एकीकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदन चल्न दिनुपर्छ भन्दै आ-आफ्नो स्थानबाट नारा लगाउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६५ चैत्र ३१ गते बसेको छब्बिसौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको सत्ताइसौं बैठक मिति २०६६ साल वैशाख १६ गते बुधवार दिनको २:३० बजे यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख १६ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख १६ गते बुधवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर मा० श्री रुकमिणी चौधरीले थरुहटको आन्दोलनलाई सरकारले वेवास्ता गरिरहेको, थारुहरुलाई मधेशी सुचिबाट हटाउन कुनै प्रक्रिया अगाडि नबढाइएको, आन्दोलनका क्रममा पक्राउ परेका थरुहटका अध्यक्ष लक्ष्मण थारु, किशोर विश्वास, रविन्द्र थारुलाई सरकारले जिम्मेवारीपूर्वक रिहाई गर्नुपर्ने लगायतका विषयहरुमा ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि मा० श्री शोभाकर पराजुलीले सेना सधैं लोकतन्त्रको पक्षमा रहेको सत्यलाई समर्थन गर्न जान्नुपर्ने, एकीकृत ने.क.पा. माओवादीले सेनामाथि हमला गरी सर्वसत्तावाद लाद्न खोजेको, एकीकृत ने.क.पा. माओवादीले विकासका पूर्वाधार तहसनहस पार्ने, विदेशीलाई गुहार्ने जस्ता विचार र क्रियाकलापहरु नसच्याएसम्म र विगतमा भएका सम्झौताहरुको पालना नगरेसम्म यो सदनको कारवाही अगाडि बढ्न सक्तैन भन्नुभएपछि नेपाली काँग्रेस लगायत प्रतिपक्षमा उपस्थित राष्ट्रिय जनमोर्चा, ने.म.कि.पा., ने.स.पा.(आ) राष्ट्रिय जनमुक्ति पार्टी, नेपाली जनता दल, दलित जनजाति पार्टी, समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल, नेकपा एकिकृत, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मन्चका मा० सदस्यहरु बाहेक सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख २० गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

२०६६ साल वैशाख २० गते

आइतवार

आज मिति २०६६ साल वैशाख २० गते आइतवार दिनको ३:०० बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६६ वैशाख २२ गते मंगलवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख २२ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर मा० श्री नारायणकाजी श्रेष्ठले सहमति र सहकार्यको प्रकृया कमजोर भैरहेको, शान्ति प्रकृया तार्किक निष्कर्षमा पुग्न नसक्ने चिन्ता बढिरहेको, क्रान्तिकारी, अग्रगामी र यथास्थितिवादिहरु बीच द्वन्द बढिरहेको, नागरिक सर्वोच्चता विरुद्ध काम गर्ने प्रधान सेनापतिलाई जननिर्वाचित सरकार अन्तर्गत राख्न पदमुक्त गरिएको र अन्तरिम संविधानले राष्ट्रपतिलाई आलंकारिक मात्र रहने व्यवस्था गरेपनि संविधानमा हुंदै नभएको अधिकार प्रयोग गरी राष्ट्रपतिद्वारा असंवैधानिक कदम चालि देशमा द्वैध सत्ताको सृजना गरि असंवैधानिक "कु" गरिएकोले त्यस्तो असंवैधानिक कदम फिर्ता नलिएसम्म हामी सदनको कारवाही अगाडि वढन दिंदैनौं भन्नुभयो । त्यसपछि एकिकृत ने.क.पा. माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख २३ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख २३ गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख २७ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख २७ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख २९ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख २९ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल वैशाख ३० गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई<br>
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल वैशाख ३० गते बुधवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ १ गते शुक्रवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - १९

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ १ गते शुक्रवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ ४ गते सोमवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २०

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ ४ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ ५ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २१

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ ५ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्नुहुनासाथ एकिकृत ने.क.पा.माओवादीका सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु सम्माननीय सभामुख आसनको डायस अगाडीको वेलमा आई विभिन्न प्रकारका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ ६ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २२

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ ८ गते शुक्रवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बैठक प्रारम्भ हुनासाथ आफ्नो भनाई राख्नुहुँदै सरकार अपदस्त गरी सेनालाई बाहिर निकाल्ने परिस्थिति देखिएकोले आफूले तत्काल मुठभेडको स्थिति नआओस् भनेर राजिनामा दिएको, प्रधान सेनापतिलाई स्पष्टीकरण सोधिएको विषय सरकारमा संलग्न दलको सहमतिमा अगाडि बढेको, प्रधानसेनापति रुकमाङ्गद कटुवाललाई स्पष्टिकरण सोधिएको विषयलाई लिएर राष्ट्रपतिले संविधानको उल्लंघन गर्दै असंवैधानिक कदम चालेको, जनसेनाको क्यान्टनमेन्टमा कुनैपनि हतियार नभित्रिएको कारण हतियार वाहिर आएको कुरा झुठा भएको, माओवादीले सत्ताकव्जा गर्ने रणनिति वनायो भनि निराधार हल्ला चलाइएको, शान्ति प्रकृया र संविधान निर्माण प्रकृयालाई अधुरो छाडेर एकिकृत ने.क.पा.माओवादी कुनैपनि हालतमा पछि नहटने, सदनमा प्रतिपक्षमा रहेर पनि हामी रचनात्मक सहयोग गर्न सक्छौं भन्ने विषयमा र नागरिक सर्वोच्चता कायम राख्न, वर्गिय, क्षेत्रीय, जातिय, लैंगिक समानता कायम गर्न एकिकृत ने.क.पा.माओवादी सदैव तत्पर छ भन्ने लगायतका विषयमा वक्तव्य दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको शून्य समय र विशेष समयको कार्यक्रम हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति डा० रामवरण यादवबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ बमोजिम घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मिति २०६६।०१।१४।२ गतेका दिन प्रमाणिकरण भएकोले प्रमाणिकरण प्रति यसैसाथ संलग्न गरि पठाइएको अनुरोध गर्दछु ।

(डा० रामहरि अर्याल)
सचिव

मितिः २०६६।१।१४

(ख) सम्माननीय राष्ट्रपति डा० रामवरण यादवबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मिति २०६६।०१।२१।२ गतेका दिन प्रमाणिकरण भएकोले प्रमाणिकरण प्रति यसैसाथ संलग्न गरि पठाइएको अनुरोध गर्दछु ।

(डा० रामहरि अर्याल)
सचिव

मितिः २०६६।१।२१

(ग) सम्माननीय राष्ट्रपति डा० रामवरण यादव समक्ष सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आज नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (७) को खण्ड (क) बमोजिम प्रधानमन्त्री पदबाट लिखित राजीनामा दिनु भएकोले सोही धाराको उपधारा (९) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने छ ।

साथै वर्तमान मन्त्रिपरिषद्द्वारा आफ्नो कार्यकालमा सम्पादन गरेको कार्यप्रति सम्माननीय राष्ट्रपतिद्वारा सम्माननीय प्रधानमन्त्री र मन्त्रिपरिषद्का सदस्यहरुप्रति धन्यवाद व्यक्त गर्नु भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

(डा० रामहरि अर्याल)
सचिव

मिति :- २०६६/०१/२१

(घ) सम्माननीय राष्ट्रपति डा० रामवरण यादवले सम्वत् २०६६ साल वैशाख २२ गते नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम सम्वत् २०६६ वैशाख २६ गते शनिवार भित्र प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्नको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुलाई आव्हान गर्नु भएकोमा सो अवधि भित्र प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुन नसकेकोले सम्माननीय राष्ट्रपतिले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) बमोजिमको प्रक्रिया प्रारम्भ गर्न व्यवस्थापिका-संसदको हैसियतमा काम गर्ने संविधानसभालाई सन्देश पठाउनु भएको व्यहोरा अनुरोध गर्दछु ।

(डा० रामहरि अर्याल)
सचिव

मिति :- २०६६/०१/२७

त्यसपछि सम्माननीय सभामुखले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको निर्वाचन गर्न यहि २०६६ साल जेठ ९ गते शनिवार दिनको ३:०० बजेको समय तोकेको व्यहोरा जानकारी गराउनु हुँदै सोही नियमावली बमोजिम व्यवस्थापिका-संसदका कार्यवाहक महासचिव श्री मनोहरप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न निर्देशन दिनुभयो ।

तदनन्तर बैठक २०६६ साल जेठ ९ गते शनिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ ९ गते शनिवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री नारायणकाजी श्रेष्ठले राष्ट्रिय सहमति नजुटाई सैनिक सर्वोच्चताको राजनैतिक आधारशिलामा गठन हुन लागेको सरकारलाई हाम्रो समर्थन रहन सक्दैन भन्नुहुंदै यो परिस्थतिमा हुन लागेको प्रधानमन्त्रीको निर्वाचन प्रकृया एकिकृत नेकपा माओवादीले वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत नेकपा माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त मा० श्री परि थापाले अहिलेको राजनैतिक गतिविधि सन्तोषजनक रुपले अगाडि बढन नसकेको परिस्थितिमा राष्ट्रिय सरकार गठनको आवश्यकता रहेको छ भन्नुहुंदै सदनमा उपस्थित सवैभन्दा ठूलो दल एकिकृत नेकपा माओवादीले वहिष्कार समेत गरेको कारण नेकपा एकिकृत अहिलेको प्रधानमन्त्रीको निर्वाचन प्रकृयाबाट वाहिरिन्छ भन्नुहुंदै नेकपा एकिकृतका दुवै मा० सदस्यहरु सदनबाट बाहिर निस्कनु भयो ।

तत्पश्चात मा० श्री गायत्री साहले राष्ट्रपतिद्वारा प्रधान सेनापतिका सम्बन्धमा चालेको कदम असम्बैधानिक छ भन्नुहुंदै काम चलाउ सरकारका विरुद्ध पुनः कामचलाउ सरकारनै गठन हुन लागेको अवस्थामा यो सरकारलाई समर्थन गर्न सक्दैन, तसर्थ हाम्रो दलले यो प्रधानमन्त्रीको निर्वाचन प्रकृया वहिस्कार गर्दछ भन्नुहुँदै सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री पदको निर्वाचन कार्यक्रम अनुसार मा० सदस्य श्री माधवकुमार नेपाललाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (३) बमोजिम प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात "यस सभाका मा० सदस्य श्री माधव कुमार नेपाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक मा० श्री गिरिजाप्रसाद कोइरालाले प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावको निम्नलिखित मा० सदस्यहरुले समर्थन गर्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री झलनाथ खनाल | २. | मा० श्री विजयकुमार गच्छदार |
| ३. | मा० श्री महन्थ ठाकुर | ४. | मा० श्री राजेन्द्र महतो |
| ५. | मा० श्री चन्द्रप्रकाश मैनाली | ६. | मा० श्री लोकेन्द्रबहादुर चन्द |
| ७. | मा० श्री चन्द्रदेव जोशी | ८. | मा० श्री चित्रबहादुर के.सी. |
| ९. | मा० श्री बबन सिंह | १०. | मा० श्री सदरुल मिया हक |
| ११. | मा० श्री प्रेमबहादुर सिंह | १२. | मा० श्री केशवप्रसाद मैनाली |
| १३. | मा० श्री लक्ष्मीलाल चौधरी | १४. | मा० श्री विश्वेन्द्र पासवान |
| १५. | मा० श्री राजकुमार लिम्बु (नाल्वो) | १६. | मा० श्री मालवरसिंह थापा |
| १७. | मा० श्री एकनाथ ढकाल | १८. | मा० श्री विश्वनाथप्रसाद अग्रवाल |
| १९. | मा० श्री बुद्धरत्न मानन्धर | २०. | मा० श्री सरिता गिरी |
| २१. | मा० श्री प्रकाशचन्द्र लोहनी | | |

तदुपरान्त सम्माननीय सभामुखले "यस सभाका मा० सदस्य श्री माधवकुमार नेपाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (५) बमोजिम माननीय श्री माधवकुमार नेपाल प्रधानमन्त्री पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

तत्पश्चात यस सभाका माननीय सदस्य, ने.क.पा. एमालेका पूर्व महासचिव एवं वरिष्ठ नेता श्री माधवकुमार नेपाल नेपालको प्रधानमन्त्री पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा व्यवस्थापिका-संसदको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत उहाँलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै साथै संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य मान्यतामा आधारित नयाँ संविधान निर्माण गर्ने कार्यमा र यो जटिल परिस्थितिमा देश र जनताको उन्नति र प्रगतिका कार्यमा उहाँको अहम भूमिका रहनेछ भन्नुहुँदै उहाँको कार्यकाल पूर्ण रुपमा सफल रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६६ वैशाख १६ गते बसेको सत्ताइसौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको अट्ठाइसौं बैठक मिति २०६६ जेठ ११ गते सोमवार दिनको ४:०० बजे यसै स्थानमा बस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ १४ गते विहिवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ १७ गते आइतवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ७:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री पोष्टबहादुर बोगटीले संविधानको संरक्षक सम्माननीय राष्ट्रपतिबाट लोकतन्त्रको पक्षमा काम नभएको, निर्देशित प्रजातन्त्रका कारण जनताले धोखा पाइरहेका, सार्वभौम व्यवस्थापिकालाई निरिह बनाउने प्रयास भैरहेकोले उल्लेखित परिस्थिति नसच्चिएसम्म हाम्रो दलले आजको सदनको कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ १९ गते मंगलवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ १९ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ७:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री वर्षमान पुन मगरले दाङको कोइलावासमा भारतीय सीमा सुरक्षा बलद्वारा नेपालको भूमि अतिक्रमण गरी ६ हजार नेपाली जनता विस्थापित हुँदा पनि सरकारले कुनै प्रतिक्रिया नजनाएको सम्बन्धमा, सिन्धुपाल्चोकको धुर्कोटमा ने.क.पा. माओवादीको कार्यकर्ता नीलबहादुर तामाङको घरमा बम पडकाई निजको परिवारलाई चिन्ताजनक अवस्थामा पुऱ्याउने ने.क.पा. एमालेका कार्यकर्ताहरुलाई कारवाही गरियोस् भन्ने सम्बन्धमा, प्रधानसेनापति र आठ जर्नेलको सम्बन्धमा भएको अघिल्लो सरकारको निर्णय उल्टयाउने र सेना समायोजन नभई पुर्नस्थापन मात्र हुने भन्ने रक्षा मन्त्रीको अभिव्यक्ति आपत्तिजनक भएको र संकल्प प्रस्ताव सभामा छलफलमा नल्याउने परिस्थितिले नागरिक सर्वोच्चता गुम्न सक्नेतर्फ सचेत गराउँदै हाम्रो दलले आजको सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ २१ गते विहिवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ २१ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ७:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री देवप्रसाद गुरुङ्गले जब जव दलहरुबीच वैमनश्यता बढछ त्यतिवेला भारतीयहरुले नेपालको भूमि अतिक्रमण गर्ने गरेकोले दलहरु वीच आपसी सदभाव र समझदारी कायम रहनु पर्दछ भन्नु भयो । वहाले हाल दलहरु वीच आपसी सदभाव विग्रीएको मौका पारी दाङको कोइलावासमा भारतीय सीमा सुरक्षा बलद्वारा नेपालको भूमि अतिक्रमण गरी कैयौं नेपाली जनता विस्थापित हुंदा पनि सरकार मौन रहेको तर्फ ध्यानाकर्षण गराउनु भयो । यसैवीच वहाले सार्वभौमसत्ता सम्पन्न संसदमा संकल्प प्रस्तावमाथि बहस र छलफल गराउनु पर्नेमा उक्त छलफलमा रोक लगाइएको हुँदा सो प्रस्तावलाई कार्यसूचीमा समावेश नगराएसम्म एकीकृत नेकपा माओवादीले सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ २४ गते आइतवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ २४ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ७:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री अग्नीप्रसाद सापकोटाले मुलुकमा भयानक रक्तपात र दुर्घटना हुने परिस्थिति देखापरेको, हालै काभ्रेको बनेपामा माओवादी कार्यकर्तालाई युथफोर्सका कार्यकर्ताले प्रहरीसंग मिलि आक्रमण गरि घाइते बनाइएको र दाङ्गको कोइलावासमा भारतीय सुरक्षा फौजवाट नेपालको सीमा अतिक्रमण गरी कैयौं नेपाली जनता विस्थापित हुंदा पनि सरकारले कुनै प्रतिकृया नजनाई मौन रहेको तर्फ सरकारको ध्यानाकर्षण गराउदै नेपाल सरकारलाई लाचारीको उपमा दिनुभयो । यसैबीच वहाँले सार्वभौमसत्ता सम्पन्न संसदमा संकल्प प्रस्तावमाथि बहस र छलफल गराउनु पर्नेमा उक्त छलफलमा रोक लगाइएको तर्फ ध्यानाकर्षण गराउदै राष्ट्रपतिको असंवैधानिक कार्य सच्चिनु पर्ने कुरा राख्दै एकीकृत नेकपा माओवादीले आजको सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकीकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ २६ गते मंगलवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

२०६६ साल जेठ २६ गते

मंगलवार

आज मिति २०६६ साल जेठ २६ गते मंगलवार साँझ ७:१५ बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (ब्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६६ जेठ २८ गते बिहिवार साँझ ७:१५ बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ २८ गते विहिवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ८:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री जयपुरी घर्तीले नागरिक सर्वोच्चताको प्रत्याभूति सहितको जननिर्वाचित सरकारलाई हरतरहले ढाल्ने खेलहरु भए, सैनिक सर्वोच्चतालाई बढावा दिई नागरिक सर्वोच्चतालाई ओझेलमा पारियो, सरकारको नेतृत्व गर्ने पार्टीका भातृ संगठनहरुबाट कालिकोट, काभ्रे र वारा जिल्लाहरुमा एकिकृत ने.क.पा. माओवादीका कार्यकर्ताहरुमाथि आक्रमण गरी कुटपिट गरिएको, राष्ट्रियता र सीमा अतिक्रमण हुँदा पनि सरकार नबोलेको, राष्ट्रपतिको असंवैधानिक कदमका विरुद्ध नागरिक सर्वोच्चता कायम गर्न ल्याइएको संकल्प प्रस्ताव सदनमा छलफल नगराई अस्वीकृत गरियो, तसर्थ यस्ता क्रियाकलापहरुलाई सम्बोधन गर्न सरकारले कदम नचालेसम्म एकीकृत ने.क.पा. माओवादीले आजको सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ २९ गते शुक्रवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ २९ गते शुक्रवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री कृष्णबहादुर महराले नागरिक सर्वोच्चताको पक्षमा राष्ट्रपतिको असंवैधानिक कदमको विरुद्धमा ल्याइएको संकल्पलाई सदनमा छलफलमा ल्याउनुपर्ने लगायतका अन्य राष्ट्रियताका सवालहरुको सम्बोधन गर्न सरकारले कदम नचालेसम्म एकीकृत ने.क.पा. माओवादीले सदनको कारवाही वहिष्कार गर्दै आएको तर आजको कार्यसूचीमा रहको शोक प्रस्ताव सम्बन्धी विषयको गाम्भिर्यतालाई हेरेर यो प्रस्ताव पास गर्नेसम्मको कारवाहीमा मात्र आफ्नो दलले साथ दिने जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले निम्नलिखित शोकप्रस्ताव पारित गरिदिनु हुन प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भयो :-

शोक प्रस्ताव

“व्यवस्थापिका-संसदको यो बैठक नेपाली कांग्रेसकी वरिष्ठ नेतृ, प्रतिनिधिसभाका पूर्व सदस्य, प्रजातान्त्रिक आन्दोलनकी योद्धा एवं पूर्व उपप्रधानमन्त्री श्री शैलजा आचार्यको २०६६ साल जेठ २९ गते विहान ४:०० बजे शिक्षण अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

तदुपरान्त स्वर्गीय आत्माको चीर शान्तिको लागि सभाले उठेर एक मिनेट मौन धारण गर्‍यो ।

त्यसपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु सदनबाट वाहिर निस्कनु भयो ।

तदनन्तर बैठक २०६६ साल जेठ ३१ गते आइतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - २९

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल जेठ ३१ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री पम्फा भुषालले राष्ट्रपतिले नपाएको अधिकार प्रयोग गरी देशमा सैनिक सर्वोच्चता कायम गर्ने प्रयास गरेको, विदेशीको इसारामा चल्ने कठपुतली सरकारले वृहद शान्ति प्रकृया र संविधान निर्माण गर्ने कार्यमा गम्भिर बाधा उत्पन्न गराएको, सरकार विधिसम्मत चल्नुपर्नेमा दलका भातृसंगठनले चलाइरहेको महसुस भएको र संसदमा दर्ता भएको संकल्प प्रस्तावलाई छलफलमा नल्याउंदा व्यवस्थापिका-संसदको सर्वोच्चता हरण भएकोले उक्त कृयाकलापहरु नसच्चिएसम्म एकीकृत ने.क.पा. माओवादीले सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार २ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३१

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार २ गते मंगलवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री झक्कुप्रसाद सुवेदीले नागरिक सर्वोच्चताको सम्बन्धमा देशका प्रत्येक गाउँ गाउँ र टोल टोलमा बहस चलिरहदा पनि संकल्प प्रस्तावलाई छलफलमा नल्याइएको , जनताले कठपुतली सरकारले मान्यता नपाउने माग गरिरहेको, एकिकृत नेकपा माओवादीका काठमाडौं जिल्ला सदस्य श्री राजेन्द्र फुंयालको रहस्यमय मृत्यू भएको सम्बन्धमा र कालिकोटमा माओवादीका कार्यकर्तालाई मरणासन्न हुने गरी कुटपिट गरिएको, धादिङ र झापामा आतंक मच्चाईएको प्रति सरकारको ध्यान नगएको भन्नुहुँदै राष्ट्रपतिको असंवैधानिक कदम विरुद्ध दर्ता गरिएको संकल्प प्रस्तावलाई व्यवस्थापिका-संसद समक्ष छलफलमा नल्याएसम्म एकीकृत ने.क.पा. माओवादीले सदनको सम्पूर्ण कारवाही वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार ५ गते शुक्रवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३२

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार ५ गते शुक्रवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री चन्द्रप्रसाद गजुरेलले मन्त्रिपरिषद्ले गरेको हिजोको निर्णय राष्ट्रघाती, गणतान्त्रीक भावनाको विरुद्ध रहेकोले त्यसको घोर भत्सर्ना गर्दछौं भन्नुभयो र वहांले अहिलेको सरकार राजनीतिक सरकार हो कि दौरा सुरुवाल लगाएको फौजी सरकार हो भन्ने प्रसंग उठाउनु भयो, त्यस्तै वहांले पुर्व सरकारले गरेका निर्णय असंवैधानिक भन्ने अधिकार यो कठपुतली सरकारलाई कसले दियो भन्नुभयो । देशमा साम्राज्यवादी र विस्तारवादीहरुले वाह्य हस्तक्षेप वढाई राष्ट्र र राष्ट्रियतामाथी ठाडो हस्तक्षेप गरिरहेका छन् र युथफोर्सद्वारा मुलुकका विभिन्न भागमा हत्या, हिंसाका घटनाहरु घटाइएका छन्, त्यसतर्फ सरकार मौन रहको तर्फ सरकारको ध्यानाकर्षण गराउनु भयो । राष्ट्रपतिको असंवैधानिक कदम नसिच्चिएसम्म र हत्या हिंसा नरोकिएसम्म एकीकृत नेकपा माओवादी पोलिटव्यूरोको आजको बैठकले विभिन्न विरोधका कार्यक्रमहरु प्रकाशित गर्ने निर्णय गरेको जानकारी गराउदै यसपछिको आजको सदनमा सम्माननीय सभामुखको आशन अगाडिको वेलमा गई नारा लगाउने कार्यक्रम राखेका छौं भन्नुहुनासाथ एकीकृत नेकपा माओवादीका सम्पूर्ण माननीय सदस्यहरु सम्माननीय सभामुखको आशन अगाडि वेलमा जम्माहुनु भै विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ३ को उपनियम (१) बमोजिम मिति २०६६ जेठ २८ गते वसेको उनन्चालिसौं बैठकबाट अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको संविधानसभाको चालिसौं बैठक मिति २०६६ साल असार ८ गते सोमवार दिनको १:०० बजे यसै स्थानमा वस्ने गरी निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार ७ गते आईतवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३३

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार ७ गते आइतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा दिनको ४:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ मा० श्री हिसिला यमीले यो व्यवस्थापिका-संसद प्रधानमन्त्रीय प्रणाली अन्तर्गतको हो कि राष्ट्रपतीय प्रणाली अन्तर्गतको हो भन्ने प्रश्न गर्नुहुँदै अस्तिको मन्त्रिपरिषद्ले गरेको निर्णयले राष्ट्रपतिले कार्यकारी प्रधानमन्त्रीको अधिकार हनन् गरेको विषयलाई समर्थन गरेको ठहरिन्छ भन्नुभयो । वहाँले आफैले बनाएको नियम मिच्ने हैसियत यो हारेको कुण्ठा बोकेको सरकारलाई कहाँबाट कसले दियो भन्नुभयो । तसर्थ प्रथम प्रधानमन्त्रीले प्रधानमन्त्रीय प्रणालीलाई बलियो पार्न लिएको कदमलाई समर्थन गर्नेतर्फ यो सरकार अग्रसर नभएकोले एकीकृत ने.क.पा. माओवादीले आजको सदनको सम्पूर्ण कारवाही वहिष्कार गर्दछ भभन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार ९ गते मंगलवार दिनको ३:०० बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराइ
व्यवस्थापिका-संसदको कार्यवहाक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३४

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार ९ गते मंगलवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा सांझ ३:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुँदै एकीकृत ने.क.पा. माओवादी दलले अहिले पनि हत्या हिंसालाई बढावा दिएको, संसदलाई कमजोर बनाएको, मुलुक विग्रंदा हामी सबै दल समाप्त हुन्छौं भन्ने कुरा नर्विसौं, शान्ति सुरक्षा पनि आपसी सहमतिबाट गर्नुपर्छ, कतै संविधान नबन्ने हो कि भन्ने जनताको आशंका हटाउन हामी सबै दल मिल्नु पर्दछ र सहमति र सहकार्यको सँस्कृति कायम राख्नु पर्दछ । विधिको शासन र संविधान विपरित मन्त्री बनाइएको छ त्यस्ता व्यक्तिलाई कसरी समर्थन गर्न सकिन्छ । एकै पार्टीका सदस्य सरकार र प्रतिपक्षमा बसेको उदाहरण दुनियाँमा कतै छैन तर यहाँ त्यस्तै भएको छ । व्यवस्थापिका-संसद चल्नु पर्दछ र दलहरु बीच खुलस्त रुपमा छलफल हुनु पर्दछ । यो सरकारलाई गति दिई संविधान निर्माण कार्यलाई पहिलो प्राथमिकता दिनु पर्दछ । नागरिक सर्वोच्चतालाई व्यवहारमा कायम गरौं र संविधान निर्माण कार्यमा अगाडि बढौं । भक्तपुरको दुवाकोटमा खानेपानी वोरिङ्ग गरेको ठाउँ नजिक बालुवा पखाल्ने कारखाना स्थापनाले त्यहाँ खानेपानीको समस्या देखापरेको छ त्यसतर्फ सरकारको ध्यान गएको छैन । पानी समयमा नपरेको कारण देशमा खाद्यान्न संकट देखा परेको छ । पार्टी पार्टी बीच एक अर्कालाई आक्षेप लगाउने काम भएको छ । दाङ्गको घटनाको बारेमा सरकारको के दृष्टिकोण रहेको छ, सो सम्बन्धमा परराष्ट्र मन्त्रीले सदनलाई जानकारी दिनु पर्दछ । सम्माननीय सभामुखको रुलिङ्गलाई अवज्ञा गर्ने व्यवस्थाले हामी बीच असहमति बढेर जान्छ, त्यस वेला अप्रत्यक्ष रुपमा विदेशीको हस्तक्षेप बढेर जान्छ । त्यसैले त्यो स्थिति आउन नदिन सरकार र प्रतिपक्षले गम्भिर चिन्ता लेओस् । सारा मन्त्रालयलाई फुटाएर मन्त्रीहरु बेकामी भएर हिंडेका छन् भन्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री मोहनप्रसाद पाण्डे | २. | मा० श्री रविन्द्रप्रसाद अधिकारी |
| ३. | मा० श्री उपेन्द्र यादव | ४. | मा० श्री तिलकबहादुर थापा मगर |
| ५. | मा० श्री चन्द्रदेव जोशी | ६. | मा० श्री सुनिल प्रजापति |
| ७. | मा० श्री सन्तबहादुर नेपाली | ८. | मा० श्री प्रकाशचन्द्र लोहनी |
| ९. | मा० श्री गायत्री साह | १०. | मा० श्री परि थापा |

यसैवीच मा० सदस्य श्री भीमप्रसाद गौतमले एकीकृत ने.क.पा. माओवादीलाई आतंक मच्चाउने दल भनियो त्यसको घोर भत्सर्ना गर्दछु भन्नुभयो । वहाँले जन निर्वाचित सरकार जसले बढी मत प्राप्त गरेको छ त्यसको निर्णय उल्टाउने काम गरिएको छ । वहाँले हामी संसद खुलाउने पक्षमा छौं तर नागरिक सर्वोच्चताको कुरा गर्ने प्रधानमन्त्रीले यो हाउसमा आई जनताको पक्षमा सम्बोधन गर्न सक्नुपर्छ भन्नुहुँदै आजको यो सदनको सम्पूर्ण कारवाही एकीकृत ने.क.पा. माओवादीले वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार ११ गते विहिवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३५

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार ११ गते विहिवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा सांझ ७:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्न लिखित मा० सदस्यहरुले हात उठाएर समय माग गरी आ-आफ्नो भनाई राख्नुहुँदै काठमाडौंको मुटुमा दिनदहाडै ख्याति श्रेष्ठ नामगरेकी कलेजकी छात्रालाई अपहरण गरेर फिरौती रकम समेत असुल गरी अपहृत छात्राको बलात्कार गरी नृसंश हत्या गरी शरिरका विभिन्न अंगहरु देशका विभिन्न ठाउंमा लगेर फाल्ने एक कुख्यात र वर्वर अपराधी विरेन श्रेष्ठलाई कडाभन्दा कडा ( मृत्युदण्ड ) सम्मको कार्वाही हुनुपर्ने, अपराधी कुनैपनि राजनैतिक दल वा पदाधिकारीको दववाले छुटन नपाओस् भन्ने सम्बन्धमा, मृतक ख्याति श्रेष्ठलाई हार्दिक श्रद्धाञ्जली र मृतकका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्नु हुंदै आगामी दिनहरुमा यस्ता घटना दोहरिन नदिन सरकार सचेत रहनुपर्ने भन्ने सम्बन्धमा, अप्राकृतिक गठवन्धन गरेर मधेशी जनअधिकार फोरमलाई फुटाएर सरकारमा लैजाने धृष्ठता गरेको सम्बन्धमा, भारतीय सिमा सुरक्षावलदारा देशका विभिन्न ठाउँमा सिमा मिचिंदा पनि जिम्मेवार परराष्ट्र मन्त्रीले सत्य तथ्य नवुझी भारतीय विदेश सचिवको भनाईमा लागेर भारतीय पक्षबाट कतैपनि सिमा नमिचिएको गैर जिम्मेवार अभिव्यक्ति दिएकोले परराष्ट्र मन्त्रीले सदन समक्ष उपस्थित भै माफी माग्नु पर्ने भन्ने सम्बन्धमा, अहिले सरकारलाई समर्थन गर्ने वास्तविक दल १७ मात्र रहेको छ भन्ने सम्बन्धमा, क्यान्टनमेन्टमा रहेका लडाकुहरुलाई व्यवस्थित गर्न नसकेमा शान्तिप्रकृया तुहिने र संविधान लेख्ने सपना समेत टुटन सक्ने सम्बन्धमा आ-आफ्नो भनाई राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १ | मा० श्री सुप्रभा घिमिरे | २ | मा० श्री थममाया थापा मगर |
| ३ | मा० श्री जयप्रकाश प्रसाद गुप्ता | ४ | मा० श्री लीला न्याईच्याई |
| ५ | मा० श्री चन्द्रबहादुर गुरुङ (स्याङ्जा) | ६ | मा० श्री मीना पुन |
| ७ | मा० श्री गायत्री शाह | ८ | मा० श्री कल्पना राणा |
| ९ | मा० श्री जनककुमारी चालिसे | | |

यसैवीच मा० सदस्य श्री लोकेन्द्र विष्ट मगरले राजनैतिक मुल्य र मान्यतामा दिनानुदिन ह्रास आइरहेको, विगतका सरकारले गरेका निर्णय लत्याइएको, सरकारद्वारा राज्य आतंक फैलाउन शुरु गरिएको, भारतीय विदेश सचिवद्वारा हाम्रो आन्तरिक मामलामा हस्तक्षेप हुने अभिव्यक्ति दिएर गएको, तत्कालिन प्रधानमन्त्रीका स्वकीय सचिवमाथि गोलि हान्ने व्यक्तिलाई छाडिएको, अर्थमन्त्रीको आदेशमा आफ्ना कार्यकर्ताहरुलाई अरवौं रुपैंया बाड्ने काम भएको, राष्ट्रपतिबाट नागरिक सर्वोच्चता हरण भएको र हामीले नागरिक सर्वोच्चताको पक्षमा छलफलको लागि दर्ता गराएको संकल्प प्रस्तावलाई छलफलमा नल्याएसम्म सदन सुचारु हुन सक्दैन भन्नुहुँदै आजको यो सदनको सम्पूर्ण कारवाही एकीकृत ने.क.पा. माओवादीले वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेका कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार १४ गते आइतवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३६

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार १४ गते आईतवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा सांझ ७:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्न लिखित मा० सदस्यहरुले हात उठाएर समय माग गरी आ-आफ्नो भनाई राख्नुहुँदै काठमाडौंमा ख्याति श्रेष्ठलाई अपहरण गरेर फिरौती रकम समेत लिई अपहृत छात्राको बलात्कार गरी नृसंश हत्या गर्ने हत्याराले अपराध गरेपछि राजनैतिक संरक्षणका कारण कसरी अपराधि उम्कन सक्छ भन्ने थाहा पाएको हुनसक्छ भन्ने सम्बन्धमा र यस्ता अपराधीलाई कडाभन्दा कडा (मृत्यूदण्ड) सम्मको कानून बनाएर भएपनि कारवाही गरी हत्या, अपहरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनु पर्दछ भन्ने सम्बन्धमा, संसद अवरुद्ध हुंदा मुलुकमा विविध समस्याहरुको वारेमा जनप्रतिनिधिहरुले भनाई राख्न नपाएको सम्बन्धमा, एकमहिना भन्दा बढी भइसक्दा पनि मन्त्रिमण्डल समेत पुर्ण हुन नसकेको अवस्थामा यो सरकारले देशका अन्य समस्या कसरी समाधान गर्न सक्ला भन्ने सम्बन्धमा, ललितपुरको चापागाउंमा दुई तिन दिनदेखि अपहरणको घटनाले प्रहरी र स्थानीयवासी बीच झडप भई धेरै व्यक्ति घाइते भएको भन्ने सम्बन्धमा, विधिको शासन अनुसार चल्ने हो भने पहिले आफु विधिको शासनभित्र रहनु पर्दछ भन्ने सम्बन्धमा, भारतीय पक्षबाट देशका विभिन्न ठाउँमा सिमा मिचिएको विभिन्न संसदीय अनुगमन टोलिले पुष्टि गरि सकेतापनि जिम्मेवार सरकारका परराष्ट्र मन्त्रीले भारतीय विदेश सचिवको भनाईमा लागेर भारतीय पक्षबाट कतैपनि सिमा नमिचिएको भन्ने जस्ता गैर जिम्मेवार अभिव्यक्ति दिएको लगायतका अन्य विविध विषयमा मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १ | मा० श्री गगन थापा | २ | मा० श्री रणध्वज लिम्वु |
| ३ | मा० श्री रेणुकुमारी यादव | ४ | मा० श्री अरविन्द शाह |
| ५ | मा० श्री नवराज कोइराला | ६ | मा० श्री कुन्तिकुमारी शाही |
| ७ | मा० श्री सन्तबहादुर नेपाली | ८ | मा० श्री बुद्धरत्न मानन्धर |

यसैवीच मा० सदस्य श्री पुष्पविक्रम मल्लले शान्ति सुरक्षाको प्रत्याभूति सरकारले दिन नसकेको सम्बन्धमा, नागरिक सर्वोच्चताको पक्षमा छलफलको लागि दर्ता गरिएको संकल्प प्रस्तावलाई छलफलमा नल्याएसम्म सदन सुचारु हुन सक्दैन भन्नुहुंदै आजको यो सदनको सम्पूर्ण कारवाही एकीकृत ने.क.पा. माओवादीले वहिस्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकिकृत ने.क.पा. माओवादीका सम्पूर्ण मा० सदस्यहरु आजको सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेका कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार १७ गते बुधवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३७

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार १७ गते बुधवार

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा बेलुकी ८:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्न लिखित मा० सदस्यहरुले हात उठाएर समय माग गरी आ-आफ्नो भनाई राख्नुहुँदै जनताको विविध समस्याको बारेमा कुरा उठाउने थलो संसद हो, विगत महिनौ दिनदेखि संसद अवरुद्ध छ, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने काममा वाधा पर्न जाने स्थिति देखा परेकोले सबै राजनैतिक दलहरु आपसमा छलफल गरी संसद सुचारु गर्ने कार्यमा अगाडि बढ्न भन्ने सम्बन्धमा, पूर्व प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) जुन प्रक्रियाबाट प्रधानमन्त्री बन्नु भएको हो त्यही प्रक्रियाबाट श्री माधव कुमार नेपाल पनि प्रधानमन्त्री बन्नु भएको हो भन्ने सम्बन्धमा, प्रमुख प्रतिपक्षलाई संसदको गतिरोध हटाउन आग्रह गर्दछु भन्ने सम्बन्धमा, पार्टीको सिफारिशमा मन्त्री बनाइनु पर्ने कानुनी आधार विपरित मधेशी जनअधिकार फोरमका श्री विजयकुमार गच्छदारलाई मन्त्री बनाइएकोमा उनीमाथि तुरुन्त कारवाही गरियोस् भन्ने सम्बन्धमा, हत्या हिंसा, महँगी आकाशिंदो छ जनता यसबाट आक्रान्त छन् यसतर्फ सरकारको ध्यान जाओस् भन्ने सम्बन्धमा, देशका विभिन्न स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकीमा दरवन्दी अनुसारका अहेवहरुको अनुपस्थितिका कारण जनताले दुःख पाइरहेका छन् भन्ने सम्बन्धमा, प्रजातन्त्रको मर्ममाथि कुठाराघात भएको छ, जनता डर त्रास आतंकबाट आक्रान्त छन्, जनताले संविधान बनाउन पठाएका थिए तर दलहरु सत्ताको फोहरी खेलमा लागी संविधान बनाउने कार्यलाई ओझेलमा पारेको लगायतका अन्य विविध विषयमा मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

| | |
|---|---|
| १. मा० श्री कमला थापा | २. मा० श्री रामनाथ ढकाल |
| ३. मा० श्री हरिनारायण यादव | ४. मा० श्री पार्वती महतो (कुमाल) |
| ५. मा० श्री नवराज कोइराला | ६. मा० श्री अर्जुन राई |
| ७. मा० श्री केशवप्रसाद मैनाली | |

यसैवीच एकीकृत ने.क.पा. माओवादीका मा० सदस्य श्री ओनसरी घर्ती मगरले एकीकृत ने.क.पा. माओवादी एक सेकेन्ड पनि सदन रोक्ने पक्षमा छैन, सरकारले नागरिक सर्वोच्चताको बारेमा सोचोस्, संकल्प प्रस्तावको बारेमा छलफल अगाडि बढाइयोस्, अर्थ मन्त्रालयले ठाडो आदेशका भरमा अरबौं रकम कार्यकर्ता पोषणको लागि निकासा दिएको, केही पत्र पत्रिकाले पित पत्रकारिता गरेको, हामीले उठाएका विषयमा सरकारबाट जवाफ नआएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भनी एकिकृत ने.क.पा. माओवादीका उपस्थित सम्पूर्ण मा० सदस्यहरु सदनको कारवाही वहिष्कार गरी सदनबाट वाहिर निस्कनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेका कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६६ साल असार १८ गते विहिवार साँझ ७:१५ बजेसम्मको लागि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

२०६६ साल असार १८ गते

विहिवार

आज मिति २०६६ साल असार १८ गते विहिवार साँझ ७:१५ बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (ब्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्मानीय सभामुखले मिति २०६६ असार १९ गते शुक्रवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

### सूचनापत्र-१

२०६६ साल असार १९ गते

शुक्रवार

आज मिति २०६६ साल असार १९ गते शुक्रवार दिनको ३:०० बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (ब्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६६ असार २१ गते आइतवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

## पांचौं अधिवेशन

## सूचनापत्र-१

२०६६ साल असार २१ गते

आइतवार

आज मिति २०६६ साल असार २१ गते आइतवार दिनको ३:०० बजे बस्नेगरी तोकिएको व्यवस्थापिका-संसदको बैठक विशेष कारणवश संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखले मिति २०६६ असार २२ गते सोमवार दिनको ३:०० बजे बस्नेगरी तोक्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना गरिएको छ ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव

# व्यवस्थापिका-संसद

पाँचौं अधिवेशन

## बैठक संख्या - ३८

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६६ साल असार २२ गते सोमवार

---

व्यवस्थापिका-संसदको आजको बैठक सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङको अध्यक्षतामा साँझ ६:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले आजको शून्य समय र विशेष समयको कार्यक्रम हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले १० वर्षे जनयुद्ध र समय समयमा भएका जनआन्दोलन मार्फत लोकतान्त्रिक मुल्य र मान्यताका लागि आन्दोलन गरिएको, आफ्नो प्रधानमन्त्रित्वकालमा जनताको भावना एवं परिवर्तनकारी सोचलाई सम्बोधन गर्ने प्रयास भएको, संघीय गणतन्त्र घोषणा गरिएको र सो परिवर्तनलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी, निजामति कर्मचारीले स्वाभाविक रुपमा आत्मसात गरेको तर नेपाली सेनाका प्रधान सेनापतिले पटक पटक सरकारको जनहितकारी उद्देश्य अनुरुपका एवं नागरिक सर्वोच्चता कायम गर्नेआदेशहरु टार्ने गरेकोले निजमाथि प्रारम्भिक कारवाही गर्दा जिम्मेवार दलहरुले आपत्ति जनाई सैनिक सर्वोच्चताका पक्षमा वकालत गरिरहेका छन् भन्नुहुँदै संविधानसभामा प्रतिनिधित्व गर्ने दलका प्रमुख नेताहरु बीच समझदारी वनाउन कुनै उपयुक्त एकान्त र ठण्डा स्थानमा वसेर गर्न सकिने विश्वास व्यक्त गर्दै आगामी एक महिनाभित्र नागरिक सर्वोच्चताका पक्षमा सहमति जुटाउन सकिने समझदारी भएको र यही अवधिमा दलहरुबीच रहेको दुरी घटाउन हरसम्भव पहल गरिने दृढता व्यक्त गर्नुभयो, साथै एकमहिनाभित्र संसदबाटै यो मुद्धाले छिनोफानो पाएन भने देशभर सशक्त ढंगले जनताले आन्दोलन गर्नेछन् भन्नुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालले नागरिक सर्वोच्चताको विषयमा हामीबीच मतभेद नरहेको, प्रधान सेनापति प्रकरण र राष्ट्रपतिको कदमका सन्दर्भमा भने सरकार र राजनीतिक दलहरुबीच धेरै मतभिन्नता रहेको, लोकतन्त्रमा विधिसम्मत तरिकाले नागरिक सर्वोच्चताको अभ्यास गर्ने थलो व्यवस्थापिका-संसद नै रहेको र दलहरु बीच रहेका मतभिन्नताहरुलाई आपसी छलफल गरी एकमहिना भित्र सहमति कायम गर्न पहल गर्ने सहमति भएको छ भन्नुभयो । लोकतन्त्र र गणतन्त्र स्थापना भएपश्चात् पनि जनताले देख्ने र भोग्ने गरी परिवर्तनको अनुभूति गराउन नसकिरहेको यथार्थ उल्लेख गर्दै राजनीतिक रुपमा विराट परिवर्तन भएपनि त्यसले जनताको जीवनस्तरमा उल्लेख्य परिवर्तन ल्याउन सकिरहेको छैन भन्नुभयो । वहांले विगतका सरकार र विभिन्न आन्दोलनकारी समूह विच भएका सम्झौता कार्यान्वयन गर्ने, माओवादी लडाकु र उनीहरुको हतियारको रेखदेख, पुर्नस्थापना र समायोजन, १२ वुंदे समझदारी र विस्तृत शान्ति सम्झौतामा उल्लेख भएका सहमतिका आधारमा लडाकुको पुर्नस्थापना गर्ने जस्ता विविध विषयलाई निष्कर्षमा पुर्‍याउन आफू विशेष रुपमा सम्वेदनशील रहेको जानकारी गराउनु भयो ।

त्यसपछि संसदीय सुनवाई विशेष समितिका सभापति मा० श्री कुलबहादुर गुरुङले संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११९ को उपनियम (६) बमोजिम “लोक सेवा आयोगका लागि प्रस्तावित सदस्यहरुको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५”, “विभिन्न पांच देशका लागि प्रस्तावित सदस्यहरुको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५” र “सर्वोच्च अदालतका प्रधान न्यायाधीशका लागि प्रस्तावित नामको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५” सदन समक्ष प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र धारा ४० बमोजिम सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले आज संवत् २०६६ साल जेठ ११ गते रोज २ का दिन उहाँकै अध्यक्षतामा देहायबमोजिम मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री माधवकुमार नेपाल | प्रधानमन्त्री | उद्योग, कानून, न्याय तथा संविधानसभा व्यवस्था, कृषि तथा सहकारी, गृह, जलस्रोत, परराष्ट्र, भूमिसुधार तथा व्यवस्था, भौतिक योजना तथा निर्माण, महिला, वालवालिका तथा समाज कल्याण, युवा तथा खेलकूद, वन तथा भू-संरक्षण, वाणिज्य तथा आपूर्ति, वातावरण, विज्ञान तथा प्रविधि, शान्ति तथा पुनर्निर्माण, शिक्षा, श्रम तथा यातायात व्यवस्था, सामान्य प्रशासन, सूचना तथा सञ्चार, संस्कृति तथा राज्य पुनःसंरचना, स्थानीय विकास, स्वास्थ्य तथा जनसंख्या । |
| २. | श्री विद्यादेवी भण्डारी | मन्त्री | रक्षा । |
| ३. | श्री सुरेन्द्र पाण्डे | मन्त्री | अर्थ । |

(डा० भोजराज घिमिरे)
मिति :- २०६६/२/११ मुख्य सचिव

(ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र धारा ४० बमोजिम सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले मौजुदा मन्त्रिपरिषद्मा आज संवत् २०६६ साल जेठ २१ गते रोज ५ का दिन देहायका महानुभावहरुलाई मन्त्रीमा नियुक्त गरि देहाय बमोजिम कार्यभार सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री विजयकुमार गच्छदार | उप प्रधानमन्त्री | भौतिक योजना तथा निर्माण |
| २. | श्रीमती सुजाता कोइराला | मन्त्री | परराष्ट्र |
| ३. | डा० प्रकाशशरण महत | मन्त्री | कार्यभार पछि तोकिने । |
| ४. | श्री वालकृष्ण खांड | मन्त्री | कार्यभार पछि तोकिने । |
| ५. | डा० मिनेन्द्र रिजाल | मन्त्री | कार्यभार पछि तोकिने । |
| ६. | श्री पूर्णकुमार शेर्मा लिम्वु | मन्त्री | कार्यभार पछि तोकिने । |
| ७. | श्री उमाकान्त चौधरी | मन्त्री | कार्यभार पछि तोकिने । |
| ८. | श्री डम्वर श्रेष्ठ | मन्त्री | कार्यभार पछि तोकिने । |

(डा० भोजराज घिमिरे)
मिति :- २०६६/२/२१ मुख्य सचिव

(ग) सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले मौजुदा मन्त्रिपरिषद्मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८, ३९ र धारा ४० बमोजिम देहायका महानुभावहरुलाई मन्त्री र राज्यमन्त्रीमा थप नियुक्ति गरि मिति २०६६।२।२१ गते मन्त्रीमा नियुक्ति भई कार्यभार तोकिन बांकी रहेका मन्त्रीहरु तथा नवनियुक्त मन्त्री र राज्यमन्त्रीहरुको देहाय बमोजिम कार्यविभाजन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री भीमबहादुर रावल | मन्त्री | गृह |
| २. | डा० प्रकाशशरण महत | मन्त्री | उर्जा |
| ३. | श्री वालकृष्ण खांड | मन्त्री | सिंचाई |
| ४. | श्री शंकर पोखरेल | मन्त्री | सूचना तथा सञ्चार |
| ५. | डा० मिनेन्द्र रिजाल | मन्त्री | संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति |
| ६. | श्री रकम चेमजोङ | मन्त्री | शान्ति तथा पुनर्निमाण |

| | | | |
|---|---|---|---|
| ७. | श्री पूर्णकुमार शेर्मा लिम्वु | मन्त्री | स्थानीय विकास |
| ८. | श्री उमाकान्त चौधरी | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ९. | श्री डम्वर श्रेष्ठ | मन्त्री | भूमिसुधार तथा व्यवस्था |
| १०. | श्री मो. अफ्ताव आलम | मन्त्री | श्रम तथा यातायात व्यवस्था |
| ११. | श्री प्रभाकर प्रधानाङ्ग (रविन्द्र श्रेष्ठ) | मन्त्री | सामान्य प्रशासन |
| १२. | श्री गणेशबहादुर खड्का | राज्यमन्त्री | स्थानीय विकास |
| १३. | श्री डिल्लीबहादुर महत | राज्यमन्त्री | शान्ति तथा पुनर्निमाण |
| १४. | श्री जीतबहादुर दर्जी गौतम | राज्यमन्त्री | सामान्य प्रशासन |
| १५. | श्री चन्द्रसिंह भट्टराई | राज्यमन्त्री | उर्जा |
| १६. | श्री मुहमद रिजवान | राज्यमन्त्री | गृह |
| १७. | श्री खड्गबहादुर बस्याल सार्की | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |

(डा० भोजराज घिमिरे)

मिति :- २०६६/३/३ मुख्य सचिव

(घ) सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले संवत् २०६६ साल जेठ ११ गते सोमवारका दिन उहांको अध्यक्षतामा गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ र धारा ४० बमोजिम देहाय बमोजिम थप तथा हेरफेर गरी कार्यविभाजन गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री माधवकुमार नेपाल | प्रधानमन्त्री | कानून तथा न्याय, वातावरण, वाणिज्य तथा आपूर्ति, विज्ञान तथा प्रविधि |
| २. | श्री विजयकुमार गच्छदार | उप प्रधानमन्त्री | भौतिक योजना तथा निर्माण र महिला बालबालिका तथा समाज कल्याण |
| ३. | श्री विद्यादेवी भण्डारी | मन्त्री | रक्षा |
| ४. | श्रीमती सुजाता कोइराला | मन्त्री | परराष्ट्र |
| ५. | श्री शरतसिंह भण्डारी | मन्त्री | पर्यटन तथा नागरिक उड्डयन |
| ६. | श्री भीमबहादुर रावल | मन्त्री | गृह |
| ७. | श्री सुरेन्द्र पाण्डे | मन्त्री | अर्थ |
| ८. | डा० प्रकाशशरण महत | मन्त्री | उर्जा |
| ९. | श्री वालकृष्ण खांड | मन्त्री | सिंचाई |
| १०. | श्री शंकर पोखरेल | मन्त्री | सूचना तथा संचार |
| ११. | डा० मिनेन्द्रप्रसाद रिजाल | मन्त्री | संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति |
| १२. | श्री रकम चेमजोङ | मन्त्री | शान्ति तथा पुनर्निर्माण |
| १३. | श्री पूर्णकुमार शेर्मा लिम्वु | मन्त्री | स्थानीय विकास |
| १४. | श्री उमाकान्त चौधरी | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| १५. | श्री मो. आफ्ताव आलम | मन्त्री | श्रम तथा यातायात व्यवस्था |
| १६. | श्री प्रभाकर प्रधानाङ्ग(रविन्द्र श्रेष्ठ) | मन्त्री | सामान्य प्रशासन |
| १७. | श्री डम्वर श्रेष्ठ | मन्त्री | भूमिसुधार तथा व्यवस्था |
| १८. | श्री रामचन्द्र कुशवाहा | मन्त्री | शिक्षा |
| १९. | श्री दीपक वोहरा | मन्त्री | वन तथा भू संरक्षण |
| २०. | श्री महेन्द्रप्रसाद यादव | मन्त्री | उद्योग |
| २१. | श्री मृगेन्द्रकुमार सिंह यादव | मन्त्री | कृषि तथा सहकारी |
| २२. | श्री गणेश तिवारी नेपाली | मन्त्री | युवा तथा खेलकूद |
| २३. | श्री गणेशबहादुर खड्का | राज्यमन्त्री | स्थानीय विकास |

| | | | |
|---|---|---|---|
| २४. | श्री डिल्लीबहादुर महत | राज्यमन्त्री | शान्ति तथा पुनर्निर्माण |
| २५. | श्री जीतबहादुर दर्जी गौतम | राज्यमन्त्री | सामान्य प्रशासन |
| २६. | श्री चन्द्रसिंह भट्टराई | राज्यमन्त्री | उर्जा |
| २७. | श्री मुहमद रिजवान | राज्यमन्त्री | गृह |
| २८. | श्री खड्गबहादुर वस्याल सार्की | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २९. | श्री दानबहादुर कुर्मी चौधरी | राज्यमन्त्री | उद्योग |
| ३०. | श्री मानबहादुर शाही | राज्यमन्त्री | भूमिसुधार तथा व्यवस्था |

(डा० भोजराज घिमिरे)
मिति :- २०६६/३/१० मुख्य सचिव

(ङ) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ बमोजिम सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले मौजुदा मन्त्रिपरिषद्मा आज संवत् २०६६ साल असार १९ गते रोज ६ का दिन देहायका महानुभावहरुलाई मन्त्रीमा नियुक्ति गरी देहाय बमोजिम कार्यभार सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री राजेन्द्र महतो | मन्त्री | वाणिज्य तथा आपूर्ति |
| २. | श्री प्रेमबहादुर सिंह | मन्त्री | कानुन तथा न्याय |

(डा० भोजराज घिमिरे)
मिति :- २०६६/३/१९ मुख्य सचिव

तत्पश्चात सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम १३२ एवं संविधानसभा ( व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १६३ बमोजिम निम्नलिखित मा० सदस्यहरुको लगातार दश वटा भन्दा बढी बैठकमा अनुपस्थितिको सूचना स्वीकृतिको लागि बैठक समक्ष प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृती जनायो ।

| क्र.सं. | नाम | अवधि | कारण |
|---|---|---|---|
| १) | मा० श्री दुर्गाकुमारी वि.क. | २०६५ मंसिर २६ गतेदेखि दुई महिनासम्म | प्रसुति विदा |
| २) | मा० श्री मणि खम्बु | २०६५ चैत्र २ गतेदेखि दुई महिनासम्म | प्रसुति विदा |
| ३) | मा० श्री प्रदिपकुमार ज्ञवाली | २०६६ जेठ १५ गतेदेखि ३ हप्तासम्म | सेमिनारमा भाग लिन विदेश गएको |

त्यसपछि सम्माननीय सभामुखले व्यवस्थापिका-संसदको पाँचौं अधिवेशनमा निम्नलिखित भए गरेका काम कारवाहीको सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

१) व्यवस्थापिका-संसदको पाँचौ अधिवेशन २०६५ साल चैत्र १६ गते आइतबार प्रारम्भ भई आज २०६६ साल असार २२ गते सोमवारसम्म जम्मा १०० दिन चालु रह्यो । जसमध्ये ४९ दिनहरुमा ३८ पटक बैठक बसी जम्मा ३६ घण्टा ३५ मिनेट खास कार्यमा व्यतित गऱ्यो ।

२) यस अधिवेशन अवधिभर जम्मा १४ वटा सरकारी विधेयक दर्ता हुन आएकोमा जम्मा ७ वटा विधेयक मात्र सभामा प्रस्तुत भयो भने व्यवस्थापिका-संसदको हैसियतमा बसेको संविधानसभाको बैठकमा दर्ता भएको "घरेलु हिंसा (कसूर र सजाय) विधेयक, २०६५" लाई सभाले पारित गऱ्यो । त्यस्तै चौथो अधिवेशनमा दर्ता भएका "गणतन्त्र सुदृढीकरण सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने विधेयक, २०६५" र "छात्रवृत्ति सम्बन्धी (तेस्रो संशोधन) विधेयक, २०६५" विधायन समितिमा विचाराधीन रहेकोछ भने "स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६५" सभाले पारित गऱ्यो । साथै २०६६ साल वैशाख २ गतेको बैठकमा विभिन्न ३ वटा अध्यादेश पेश भयो ।

३) यसै अधिवेशनमा "प्रतिवद्धता कार्यान्वयन अनुगमन विशेष समिति" का संयोजक मा० श्री बालकृष्ण खाणले समितिको संक्षिप्त प्रतिवेदन पेश गर्नुभयो । सोही बैठकमा मा० श्री पोष्टबहादुर बोगटीले

संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११६ को उपनियम (१) बमोजिम प्रतिवद्धता कार्यान्वयन संसदीय अनुगमन विशेष समितिको कार्यावधि ३ महिनाको लागि थप गर्न प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

४) २०६६ साल वैशाख ६ गते अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको "इलाम जिल्लाको श्रीअन्तू लगायत नेपालको पूर्वी सीमानाको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०६५" सभामा प्रस्तुत भयो । साथै २०६६ साल असार २२ गते संसदीय सुनवाई विशेष समितिको "लोक सेवा आयोगका लागि प्रस्तावित सदस्यहरुको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५", "विभिन्न पाँच देशका लागि प्रस्तावित राजदुतहरुको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५" र "सर्वोच्च अदालतका प्रधान न्यायाधीशका लागि प्रस्तावित नामको संसदीय सुनवाई सम्बन्धी प्रतिवेदन, २०६५" सभामा प्रस्तुत भयो ।

५) यसै अधिवेशनमा तत्कालिन प्रतिनिधिसभामा नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधित्व गर्नुहुने पूर्व सदस्य एवं पूर्व कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महेश्वरप्रसाद सिंह, वर्तमान संविधानसभा एवं व्यवस्थापिका-संसद सदस्य श्री बोधनारायण सरदार र नेपाली कांग्रेसकी वरिष्ठ नेतृ, प्रतिनिधिसभाका पूर्व सदस्य, प्रजातान्त्रिक आन्दोलनकी योद्धा एवं पूर्व उपप्रधानमन्त्री श्री शैलजा आचार्यको निधनमा शोक व्यक्त गर्दै शोक प्रस्तावहरु पारित भए ।

६) यसै अधिवेशनमा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले २०६६ वैशाख २ गते र जेठ ८ गते सार्वजनिक महत्वका विषयहरुमा वक्तव्य दिनुभयो ।

७) यसैगरी तत्कालिन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मिति २०६६ वैशाख २१ गते राजीनामा दिनुभई रिक्त हुन आएको प्रधानमन्त्रीको पदमा २०६६ साल जेठ ९ गतेको बैठकले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (३) बमोजिम मा० श्री माधवकुमार नेपाललाई निर्विरोध निर्वाचित गऱ्यो ।

८) यसैगरी आजको बैठकमा संविधानसभा नियमावली, २०६५ को नियम १३२ एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १६३ बमोजिम मा० सदस्यहरुको अनुपस्थितिको सूचना सभाको स्वीकृतिको लागि प्रस्तुत भएकोमा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६" माथिको छलफल गर्न संविधान सभाको सतचालीसौं बैठक २०६६ असार २४ गते विहान ११:०० बजे प्रारम्भ हुने गरी दिन तोकेकोमा विशेष कारणवश उक्त सतचालीसौं बैठक २०६६ साउन १ गते विहान ११:०० बजे बस्ने गरी समय तोकेको साथै उक्त प्रतिवेदनमाथि छलफलका लागि २०६६ साउन २, ४, ५ र ६ गतेका दिनहरु समेत तोकेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा व्यवस्थापिका-संसदको चालू अधिवेशन सम्वत् २०६६ साल आषाढ २२ गते सोमवारका दिन २३:०० बजेदेखि अन्त गरेको छु ।"

मिति :- २०६६।०३।२२ (डा० रामवरण यादव)
राष्ट्रपति

तदनन्तर व्यवस्थापिका-संसदको चालु पाँचौ अधिवेशन आजै राती ११:०० बजेबाट स्वतः अन्त्य हुने गरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
व्यवस्थापिका-संसदको कार्यवाहक महासचिव